# भक्तपुर नगरपालिका
# ख्वप अस्पताल भवन निर्माण आयोजना
च्याम्हासिङ्ग-९, भक्तपुर

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति : २०७९ वैशाख १३ गते, मङ्गलबार)

बागमती प्रदेश, भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं. ९, च्यामासिङ्गमा भक्तपुर नगरपालिकाद्वारा निम्न प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>बागमती प्रदेश, भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं ९, च्यामासिङ्ग<br>सम्पर्क फोन : +९७७-०१-६६१३९५७, फ्याक्स् : +९७७-०१-६६१३२०६<br>इमेल : info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com |
| प्रस्तावको व्यहोरा | भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले च्यामासिङ्ग, भक्तपुरमा हाल सञ्चालनमा रहेको २५ शय्याको अस्पताललाई १०० शय्यामा स्तरोन्नति गरी सञ्चालन गर्ने योजना बनाएको छ । उक्त अस्पताल सञ्चालनका लागि प्रस्तावकले ५६७९.४९ वर्गमिटर जम्मा क्षेत्रफल रहेको आफ्नै स्वामित्वको जग्गामा बेसमेन्टबाहेक ५ तलाको पक्की भवन निर्माण गरिनेछ । आयोजनाको जम्मा निर्माण क्षेत्रफल ८,१८३.०२ वर्गमिटर हुनेछ । प्रस्तावित भवनको बेसमेन्टमा २००१.२८ वर्गमिटर क्षेत्रफलको पार्किङ क्षेत्र रहनेछ । आयोजना क्षेत्रमा ८५०.४८ वर्गमिटर क्षेत्रफलमा हरियाली व्यवस्थापन गरिनेछ भने अन्य खुला क्षेत्र २,८६८.४४ वर्गमिटर हुनेछ । प्रस्तावित भवनको उचाइ २७.१५ मिटरको हुनेछ । अस्पतालमा आपत्कालीन सेवा, बहिरङ्ग सेवा, जनरल फिजिसियन सेवा, जनरल शल्यक्रिया सेवा, स्त्री तथा प्रसूति सेवा, बाल रोग तथा शिशु सेवा, दन्त चिकित्सा सेवा, हाडजोर्नी सेवा, सामान्य आँखा उपचार सेवा, फिजियोथेरापी सेवा, एनेस्थेसियोलोजी सेवा, रेडियो इमेजिङ्ग सेवा, अल्ट्रासोनोग्राफी, एक्स-रे, इलेक्टोकार्डियोग्राफी, चौविसै घण्टा आकस्मिक सेवा, प्रयोगशाला सेवा, शल्यक्रियासहितको आकस्मिक सेवा, ब्लड बैङ्कसहितको रक्त सञ्चार सेवा, चौविसै घण्टा फार्मेसी सेवा, सघन उपचार कक्ष इत्यादि सेवाहरू रहनेछन् । |
| प्रस्तावको प्रभावित क्षेत्र | भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं ९, च्यामासिङ्ग । |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्छ भनी सो स्थानको न.पा., वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावक | भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>बागमती प्रदेश, भक्तपुर नगरपालिका-२, ब्यासी<br>सम्पर्क फोन : +९७७-०१-६६१३९५७, फ्याक्स् : +९७७-०१-६६१३२०६<br>इमेल : info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com |
| परामर्शदाता | इन्भाइरोभिजन कन्सल्टेन्सी प्रा. लि, का.म.न.पा. १३, काठमाडौं<br>इमेल : vision4environment@gmail.com<br>सम्पर्क फोन : ०१-६२१७७१२ |